# न्यानो रहनुहोस् र सुचित रहनुहोस्




## मौसमको कारण विधालय बन्द हुने सुचना...

**जब खराब मौसमका कारण विधालय बन्द गर्नु पर्ने हुन्छ, त्यस अवस्थामा तपाँईले तुरुन्तै थहा पाउन आवश्यक पर्छ!**

कलम्बस सिटी स्कूल्स फर्कि आउने जाडो मौसमकालागि सँधै तयार हुन्छ र ती दिनहरूमा जब खराब मौसमले तपाँईका बच्चाको स्कूलका दिनहरूमा र तपाँईको व्यस्त दिनमा पनि ठूलो असर पार्न सक्छ। अगाडि नै योजना बनाउन निश्चित गर्नुहोस्।

**सम्पर्कमा रहनुहोस:** स्कूल रद्द भएको बारेमा समाचार, टाढैबाट गरिने शिकाइमा परिणत, अतिरिक्त-पाठ्यवर्ती गतिविधिहरू, फिल्ड्रमणहरू वा विधार्थीहरूको खेलकुद कार्यक्रमहरू बारे थुप्रै तरिकाहरूद्वारा साझेदारी गरिएको छ।

- सुनिश्चित गर्नुहोस् कि तपाँईको बुच्चाको विधालयको फाइलमा तपाँईको सम्पर्क जानकारी सही छ। यदि तपाँईलाई यो जानकारी अद्यावधि गर्न आवश्यक भए तपाँईको बच्चाको विधालयको मुख्य कार्यालयसमा सम्पर्क गर्नुहोस् वा **प्यारेन्ट पोर्टलमा** लग-इन गरि सम्पूण जानकारीहरूको अद्यावधि गर्नुहोस्। (यसमा आपतकालीन सम्पर्कहरू, फोन नम्बरहरू र इमेल ठेगानाहरू समावेश छन्)।
- आफ्नो विद्यार्थीलाई प्रत्येक रात आफ्नो तोकिएको क्रोमबुक (Chromebook) र चार्जर घरमा ल्याउन सम्झाउनुहोस्; टाढैबाटको शिकाइ (रिमोट सिकाइ) मा परिणत गर्ने निर्णय गर्नुपर्ने हुन्छ।
- कलम्बस सिटी स्कूल्सलाई **फेसबुक** (Facebook), **ट्विटर** (Twitter) वा हाम्रो वेबसाइटमा हेर्नुहोस्, हामी "हिउँ परेका दिनहरू" र अन्य कारणले गरिने स्कूल रद्दहरूबारे समाचार तपाँईको फोन वा ट्याब्लेटमा तत्काल सुचना पठाउनेछौं।
- सबै परिवार र कर्मचारीहरूलाई जिल्लाको फोन प्रणालीबाट स्वचालित कल मार्फत् सजग गराइनेछ।
- सबै परिवार र कर्मचारीहरू जिल्लाको फोन प्रणालीबाट स्वचालित कल मार्फत सचेत गरिनेछ।

**एउटा पूर्व-योजना बनाइराख्नुहोस्:** जब प्रतिकूल मौसमले बिहानको स्कूल यात्रालाई असर गरेमा ५:३० बजे भन्दा पछि कक्षाहरू रद्द गर्ने कि नगर्ने भनेर हाम्रो स्कूल नेतृत्वले निर्धारण गर्ने योजना बनाउँछ। यदि दिउँसोकालागि खराब मौसमको पूर्वानुमान गरिएको छ भने कक्षाहरू मध्यान्ह सम्ममा रद्ध हुन सक्छन्। तपाँईको बच्चाको दिनको समयकालागि पनि एउटा वैकल्पिक योजना पहिले नै तय गर्नुहोस्।

- **पर्यवेक्षण**: के तपाँईको बच्चा घरमा एक्लै बस्न सक्छ वा के उनीहरूसँग अरू कोही बस्नुपर्नेहुन्छ?
- **स्वस्थ खाना**: के तपाँईको बच्चालाई पौष्टिक खाना बिहान र दिउँसोकालागि उपलब्ध छ?
- **सुरक्षित स्थान**: यदि कक्षाहरू चाँडै रद्द गरियो भने, के तपाँईको बच्चा सिधै आफ्नो घरमा वा अर्को स्थानमा जान्छ? यदि तपाँईको बच्चा ८ बर्ष भन्दा कम उमेरको छ भने, के उनीहरूलाई बस स्टपमा लिन कोही आउँछ?
- **संलग्न गतिविधिहरू:** यदि तपाँईको बच्चा अप्रत्याशित समयवधिकालागि घरमा रहन्छ भने उसकालागि तपाँईसँग के सुरक्षित गतिविधिहरू छन्?

COLUMBUS CITY SCHOOLS

बारम्बार सोधिने प्रश्नहरूको जवाफकालागि **www.ccsoh.us/weather** मा हेर्नुहोस्।